नेपाल सरकार

# सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२८१
४२००५०५
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- २०७५/७६
चलानी नम्बरः- ३९०

मितिः- २०७५।०७।२८

श्री विभाग/ आयोजना/ कार्यक्रम/ समितिहरु/ प्रतिष्ठानहरु (सबै)
सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, (सबै)
श्रीस्थानीय तह (सबै)

**विषयः- बेरुजु फछ्यौंट, कार्ययोजना र मार्गदर्शन सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस मन्त्रालय र अन्तर्गत निकायहरुको आ.व. २०७५।७६ को बेरुजु फछरुयौट कार्ययोजना र मार्गदर्शन यसैसाथ संलग्न छ । उक्त बेरुजु फछ्यौंट तथा कार्ययोजना र मार्गदर्शन मिति २०७५।०७।२८ को नेपाल सरकार सचिवस्तरीय निर्णयानुसार स्वीकृत भएको हुँदा सो अनुसार कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

..............................
बसन्त राज पौडेल
लेखा अधिकृत

**बोधार्थः-**

श्री सूचना तथा प्रविधि शाखा

सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- website मा राखिदिनु हुन अनुरोध छ ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
बेरुजु फछ्र्यौट, कार्ययोजना र मार्गदर्शन
२०७५/७६

१. पृष्ठभूमीः

आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार "प्रचलित कानून बमोजिम पुर्‍याउनु पर्ने रीत नपुर्‍याई कारोवार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा बेमुनासिव तरिकाले आर्थिक कारोवार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याईएको वा ठहर्‍याइएको कारोवार" लाई बेरुजु भनेर परिभाषित गरिएको छ । तसर्थ आर्थिक कारोवार गर्दा विधि सम्मत तवरबाट खर्च हुनु अनिवार्य आवश्यकता हुन्छ ।

यस मन्त्रालयको आ.व. २०७४/७५ सम्मको जम्मा बेरुजु १९ अर्व ६३ करोड ०६ लाख २३ हजार कायम भएको छ ।वित्तीय अनुशासन कायम राख्ने सन्दर्भमा लेखापरीक्षण अङ्कको १% भन्दा बढी बेरुजु हुन नदिने गरी काम गर्नु पर्नेमा कतिपय जिल्ला समन्वय समितिहरुको झण्डै ३९% सम्म बेरुजु कायम हुन गएको देखिएको छ । बेरुजुको कूल परिमाणमा पेश्कीको मात्र लगभग ६०% भन्दा बढी रहेको छ । पेश्की लिने दिनेमा सक्रियता देखाउने तर फछ्र्यौट गर्ने गराउनेमा निष्क्रीय रहने प्रचलनले पेश्की बेरुजु बढी देखिएको छ । पेश्कीलाई निरुत्साहित गर्ने र जेष्ठ नागरिक दीर्घ सेवा सम्मान (सामाजिक सुरक्षा) कार्यक्रम सञ्चालन कार्यविधि अनुसार सम्बन्धित आर्थिक वर्षभित्र भत्ता वितरण कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट गरी सक्ने कार्यलाई तालिकावद्ध गराउने गरी स्थानीय तहहरुले कार्य गरेमा पेश्की बेरुजुको हिस्सा उल्लेख्य रुपमा कमी आउने देखिन्छ ।

स्थानीय तहको खर्च प्रणालीमा यसले वित्तीय अनुशासन कमजोर भई उच्च स्तरको वित्तीय जोखिमको अवस्था दर्शाउँछ । बर्षेनी बेरुजू बढ्दै जानु संगठनात्मक प्रभावकारीताका दृष्टिले र आर्थिक अनुशासनका दृष्टिले पनि उपयुक्त अवस्था होइन । बेरुजु बढ्दा सार्वजनिक श्रोत परिचालनमा दक्षताको कमीका साथै विधिको पालना नहुने अवस्था समेत रहन्छ । प्रस्तुत परिप्रेक्ष्यमा यस मन्त्रालयले बेरुजु न्यूनीकरणको साथै बेरुजु फछ्र्यौटमा तीव्रता ल्याउने प्रयास गरिरहेको छ । बेरुजु बढी फछ्र्यौटको लागि बढी सकृयता र तदारुकताको खाँचो पर्दछ । कतिपय जिम्मेवार कार्यालय प्रमुखहरु खर्च गर्ने कुरामा जुन प्रकारको सकृयता र जिम्मेवारी पूर्ण ढंगले काम गर्नु हुन्छ बेरुजु फछ्र्यौट तथा प्रतिवेदन गर्ने कार्यमा ठिक विपरीत अवस्थामा रहनु भएको देखिएको अवस्था छ । मन्त्रालयले यस प्रकारका विषयमा विश्लेषण गरी कारबाही अघि बढाउने कार्य गरिरहेको व्यहोरा पनि जानकारी गराउन चाहन्छु । यसर्थ बेरुजु फछ्र्यौटको कार्यलाई विगतको तुलनामा अझै सार्थक र परिणाममूलक बनाउन आ.व. २०७५/७६ को निमित्त समेत बेरुजु फछ्र्यौट गर्ने लक्ष्य निर्धारण गर्नुका अतिरिक्त कुल लेखापरीक्षण रकमको निश्चित प्रतिशत भन्दा बढी बेरुजू हुन नहुने गरी लक्ष्य निर्धारण गर्नुपर्ने हुन्छ । तदनुरुप बेरुजु फछ्र्यौटको प्रगति हासिल हुन सके/नसकेको अनुगमन समेत गर्ने उद्देश्यले यस मन्त्रालयका लागि देहायका लक्ष्यहरु निर्धारण गरिएका छ ।

दिनेश कुमार थपलिया
सचिव

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

२. बेरुजु फछ्र्यौटको सम्बन्धमा भएका कानूनी व्यवस्थाहरु

- स्थानीय तह लागू भएपछि गरिएको खर्चबाट भएको बेरुजु सम्बन्धमा आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ११ लेखा, लेखापरीक्षण र बेरुजु फछ्र्यौट सम्बन्धी व्यवस्था बमोजिम हुनेछ ।
- विभाग/जिल्ला/समिति/प्रतिष्ठान/आयोग/आयोजना र कार्यक्रमहरुमा जाने सशर्त अनुदानको रकम राष्ट्रिय योजना आयोग र मन्त्रालयबाट स्वीकृति प्राप्त कार्यक्रमहरु र केन्द्रीय कार्यक्रमहरुको आवश्यक कार्यहरुको बेरुजू फछ्र्यौटको लागि आर्थिक कार्यविधि ऐन, २०५५ र आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार आवश्यक कार्य गर्नुपर्ने हुन्छ । स्थानीय तह र अन्य कार्यालयहरुको बेरुजु फछ्र्यौटका सम्बन्धमा निम्नानुसारका व्यवस्था रहेको छ ।

आर्थिक कार्यविधि ऐन, २०५५ मा भएको व्यवस्था

- ऐनको दफा १६ मा आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था रहेको छ । सो नगराएमा वा आर्थिक विवरण पेश नगरेमा प्रत्येक कलममा २५।- रुपैयाँसम्म जरिवाना गर्ने र प्रचलित कानून बमोजिम विभागीय कार्वाही गर्ने।
- दफा १७ मा म्याद भित्र स्पष्टीकरण नदिनेलाई कार्वाही गर्ने ।
- दफा १९ मा बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र लेखापरीक्षण हुँदा औंल्याइएका बेरुजुका सम्बन्धमा तोकिए बमोजिम सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ सो अनुसार नभए लेखा उत्तरदायी अधिकृतले कारवाही गर्ने ।

आर्थिक कार्यविधि नियमावली, २०६४ मा भएको व्यवस्थाः-

- नियममा ९६, ९७ र ९८ मा क्रमशः आन्तरिक, अन्तिम लेखापरीक्षण गराउने र बेरुजु फछ्र्यौट गर्ने गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने ।
- नियम ९९ मा बेरुजु फछ्र्यौटको कारबाही गरी भए गरेको जवाफ दिनु पर्ने, बेरुजू फछ्र्यौटको काम कारवाही नगर्नेलाई पचास रुपैया सम्म जरिवाना वा सेवा सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय कारबाही वा दुवै कारबाही गर्न सक्ने ।
- नियम १०० मा लेखा उत्तरदायी अधिकृतले प्रचलित कानून बमोजिम नियमित गर्न मिल्ने बेरुजु आफैले नियमित गरिदिने, कसैलाई बुझी नियमित गर्नुपर्ने भए बुझी नियमित गरिदिने, प्रचलित कानूनको रित नपुर्याई अनियमित भएको तर सरकारी हानी नोक्सानी भएको नदेखिएको बेरुजु कार्यालय प्रमुख र विभागीय प्रमुखको सिफारिशमा नियमित गरिदिने व्यवस्था रहेको छ । तसर्थ कार्यालयमा र विभागबाट बेरुजु फछ्र्यौटको निमित्त टिप्पणी उठाई मन्त्रालयमा पेश गर्दा आ.व. २०५९/६० सम्मको बेरुजुको लागि कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयले बेरुजु फछ्र्यौट गर्ने नमूना फाराम बेरुजु प्रतिकृया लेखी पठाउँदा नियम १०० को (३) अनुसार नियमित गरिदिन अनुरोध गरी लेखी पठाउनु पर्ने ।
- नियम १०३ अनुसार असुल उपर गर्नुपर्ने बेरुजुको लगत पठाउनु पर्ने व्यवस्था अनुसार बेरुजु ठहरिएको रकम असुल उपर गर्न नसकेमा नसक्नुको कारण खोली केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न लेखी पठाउनु पर्ने, सो कार्यालयबाट लगत कसेको जानकारी प्राप्त भएपछि म.ले.प.मा पेश गरी लगत कट्टा गराउने ।

दिनेश कुमार थपलिया
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

- नियम १०६ मा मिन्हा सम्बन्धी व्यवस्था अन्तर्गत आर्थिक कार्यविधि ऐनको दफा २९ अनुसार उठ्न नसकेको सरकारी बाँकी रकम, प्राकृतिक प्रकोप, दुर्घटना वा आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा तथा सुख्खा जर्ति भई वा खिएर, सडेर गई वा अन्य कारणबाट सरकारी हानी नोक्सानी हुन गएको वा कानून बमोजिम लिलाम बढाबढ हुँदा पनि नउठेको वा उठ्ने स्थिति नदेखिएकोमा तीन लाख रुपैया सम्मको बेरुजुको मिन्हा सम्बन्धित सचिवबाट र सो भन्दा बढी रकमको हकमा कुमारीचोक तथा केन्द्रिय तहसिल कार्यालयमा आवश्यक प्रमाण, कागजात र मन्त्रालयको निर्णय सहित पठाइ कुमारी चोकले मुख्य सचिवको अध्यक्षतामा हुने मिन्हा समितिमा पेश गर्ने एवं मिन्हा समितिको सिफारिशमा मन्त्रिपरिषदबाट मिन्हा हुने ।

३. <u>आ.व. २०७५/७६ मा बेरुजु फछर्यौट गर्ने र बेरुजु न्यून राख्न पर्ने लक्ष्यः</u>

३.१ बेरुजू फछर्यौट गर्ने र बेरुजु कम कायम गराउने प्रयोजनको लागि यस मन्त्रालय क वर्गमा रहेको छ । सो अनुसार मन्त्रालय अन्तर्गत विभाग, आयोजना, कार्यालय भई पाँच अर्व भन्दा बढी बेरुजु कायम भएका मन्त्रालय निकायहरु, जसले आफ्नो कार्यालयको बाहेक अन्तर्गतका समेतको लेखा, लेखापरीक्षण, बेरुजु आदिको जवाफदेही हुनुपर्ने हुँदा त्यहाँबाट पनि आफ्नो नाउँमा कायम भएको बेरुजुको न्यूनतम ५० प्रतिशत फछर्यौट गर्नुपर्ने लक्ष्य निर्धारण गर्ने ।

३.२ मन्त्रालय तथा कार्यालयहरुले शत प्रतिशत नै बेरुजु फछर्यौट गरी लेखापरीक्षणबाट बेरुजु शुन्य कायम गराउनु पर्ने हो । तर पुराना बेरुजु पनि भएका र सवुद प्रमाणहरु जुटाउन केही कठिनाई हुने भएकोले क्रमशः बेरुजु शुन्य बनाई लैजाने गरी लक्ष्य निर्धारण गर्ने ।

४. <u>बेरुजु फछर्यौटको लागि देहाय अनुसार छुट्टाछुट्टै (निति) लक्ष्य निर्धारण गरिएको छः</u>

४.१ शुरुदेखि आ.व. २०५९/६० सम्मको पुरानो बेरुजु सम्बन्धमाः सो बेरुजुको लगत कुमारी चोक तथा केन्द्रिय तहसिल कार्यालयमा भएकोले ।

- असुल उपर गर्नुपर्ने, सरकारी हानी नोक्सानी र मस्यौट भएकोलाई आवश्यक कारवाही गरी अन्तिम टुङ्गो लगाई फछर्यौट गर्ने गराउने ।
- सरकारी हानी नोक्सानी र मस्यौट भएको बाहेक अन्य विषयमा प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारीबाट बेरुजु फछर्यौट गराई लगत कट्टाको लागि कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाउने ।
- चालु आर्थिक वर्षभित्र आ.व. २०५९/६० सम्मको बेरुजु शुन्य बनाउनै पर्ने ।

५. बेरुजु असुल फछर्यौट गर्न लामो समयदेखि प्रयास भईरहेको तर कहिल्यै फछर्यौट हुनै नसक्ने बेरुजु हटाउने प्रकृयामा लैजान आर्थिक वर्ष छुटयाई कानून बमोजिम कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाउनु पर्नेछ । बेरुजुको विवरण मार्ग महिनाभित्र यस मन्त्रालयको आर्थिक प्रशासन शाखामा आइपुग्ने गरी छिटो साधन मार्फत पठाउन हुन र यस मन्त्रालयको आर्थिक प्रशासन शाखामा बेरुजु हेर्ने कर्मचारी श्री सलिना श्रेष्ठको email address : salinanakarmi2016@gmail.com मा पठाउन हुन र सोको जानकारी बेरुजु फछर्यौट मूल्याङ्कन र अनुगमन समितिमा पनि गराउन हुन अनुरोध छ ।

६. बेरुजु फछर्यौटको लक्ष्य प्राप्तीका लागि निम्नानुसारका उपाय अवलम्बन गर्नु हुनः

क. आ.व. २०६०/६१ देखि २०७२/७३ सम्मको बेरुजु ८० प्रतिशत भन्दा माथि फछर्यौट गर्ने व्यवस्था मिलाउने ।

दिनेश कुमार थपलिया
सचिव

ख. आ.व. २०७३/७४ को श्रेस्ता लेखापरीक्षणबाट कायम भएको नयाँ बेरुजु फछ्यौंट गर्ने सबुद, प्रमाण र काम गर्ने कर्मचारी सबै उपलब्ध हुने हुनाले शुन्य बनाउनै पर्ने लक्ष्य तोकिएको छ । यस तर्फ सबै निकायले विशेष ध्यान दिनु जरुरी छ ।

ग. वैदेशिक सहयोग अन्तर्गत सञ्चालित सोधभर्ना प्राप्त हुनुपर्ने योजना, सञ्चालन भै बन्द भैसकेको योजना र निकट भविष्यमा बन्द हुने योजनाहरुको सोधभर्ना हुनुपर्ने हिसाब र रकमान्तर तथा श्रोतान्तर गर्नुपर्ने रकमको हिसाब शिघ्र मिलाउने व्यवस्था गर्ने ।

घ. खर्चको ठूलो रकम पेश्कीको रुपमा देखिएकोले पेश्की फछ्यौंट कार्यलाई प्राथमिकतामा राखी आवश्यक कार्वाहीको व्यवस्था मिलाउने ।

ङ. लेखापरीक्षण गराउन र बेरुजु फछ्यौंटको कामलाई निरन्तर सुपरिवेक्षण, सहजीकरण, अभिलेख व्यवस्थापन गरी यस सम्बन्धी सबै काम गर्न मन्त्रालयमा कम्तिमा सहसचिव स्तरको कर्मचारीको अध्यक्षतामा अन्तर्गतका विभाग तथा समितिहरुको प्रतिनिधि समेत रहने गरी एक लेखापरीक्षण सहयोग समिति गठन गरी बार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने र मासिक रुपमा प्रगति समिक्षा गर्ने । समितिको कार्ययोजना बेरुजु फछ्यौंट मूल्याङ्कन अनुगमनलाई पनि उपलब्ध गराउने प्रावधान रहेकोले तदनुसार तहाँबाट पनि बेरुजु फछ्यौंट सम्बन्धी समिति गठन गरी बेरुजु फछ्यौंट कारबाही अघि बढाउने ।

च. लेखापरीक्षण तथा बेरुजु फछ्यौंटको लागि विभागीस्तरमा पनि मातहत कार्यालयहरुको प्रतिनिधि समेत भएको लेखापरीक्षण सहयोग समिति बनाउने र बेरुजु फछ्यौंट कार्यलाई अभियानको रुपमा लैजान वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने र मासिक रुपमा प्रगति समिक्षा गरी सो को जानकारी मन्त्रालयलाई दिने ।

छ. मन्त्रालय अन्तर्गतका विभाग र विभाग अन्तर्गतका कार्यालयको बेरुजु फछ्यौंट कार्य अत्यन्त शिथिल देखिएको र अधिकांश निकायहरुले न्यूनतम लक्ष्य भन्दा पनि निकै कम मात्र फछ्यौंट गरेको अभिलेखबाट पाइएकोले त्यस्ता निकायहरुलाई कडाईका साथ फछ्यौंट गर्न लगाई मासिक प्रगति लिने र सन्तोषजनक प्रगति नदेखिएमा सम्बन्धित निकायबाट निकासा रोक्का गर्ने प्रावधान रहेकाले यस कुरालाई मनन गरी बेरुजु फछ्यौंट सम्बन्धी कार्वाही गर्ने ।

ज. बेरुजु फछ्यौंट गर्ने कार्यलाई विशेष गम्भीरताका साथ अगाडि बढाउनु पर्ने भएकोले मन्त्रालयका सचिवको अध्यक्षतामा विभागीय प्रमुख र लेखा प्रमुखहरुको बैठक महिनामा एकपल्ट अनिवार्य रुपमा बसी बेरुजु फछ्यौंटको समिक्षा गर्ने प्रावधान रहेकोले तहाँबाट पनि तदनुसार समिक्षा गर्ने व्यवस्था मिलाई नियमित प्रतिवेदन गर्ने ।

झ. पेश्की सम्बन्धमा - खर्चको ठूलो रकम पेश्कीको रुपमा देखिएकाले पेश्की फछ्यौंट कार्यलाई प्राथमिकतामा राखी आवश्यक व्यवस्था मिलाउने ।

आ.व. २०७३।७४ देखिको पेश्की बेरुजुको विवरण निम्नानुसार खुलाएको हुनुपर्ने मोविलाइजेशन पेश्की, प्रतितपत्र पेश्की, कर्मचारी पेश्की र अन्य पेश्की विवरण ।

७. <u>आ.व. २०७४/७५ को श्रेस्ता लेखापरीक्षणबाट बेरुजु शुन्य/न्यून राख्न पर्ने:</u>

दिनेश कुमार थपलिया
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

७.१ "क" वर्गका मन्त्रालय/निकायहरुले चालु वर्ष लेखापरीक्षण भएको अंकको शुन्य बेरुजु कायम गर्ने गराउने । सो हुन नसकेमा ४% प्रतिशत भन्दा बढी कायम हुन नहुने भन्ने व्यवस्था भएको हुँदा सो कुरामा मनन गरी बेरुजु शुन्य गराउन प्रयत्न गर्ने ।

७.२ लेखापरीक्षणबाट बेरुजु कायम भई फछ्र्यौट, सम्परीक्षण गराउनु भन्दा बेरुजु नै कायम नहुने गरी आर्थिक कारोवार गर्न गराउने तर्फ सबैले ध्यान दिने ।

७.३ खर्चमा मितव्ययिता अपनाई आर्थिक अनुशासन कायम गर्न सबै मन्त्रालयहरुले आन्तरिक नियन्त्रण कार्य निर्देशिका बनाई ३ महिना भित्र लागू गर्ने भन्ने भएकाले सो तयार नभएसम्म प्रभावकारी नियन्त्रण प्रणाली अवलम्बन हुने गरी आर्थिक कार्य प्रणाली सञ्चालन गर्ने ।

८. चालु वर्षको लेखापरीक्षणबाट उपरोक्त बमोजिम शुन्य वा कम बेरुजु कायम गराउने र तल उल्लेख भए अनुसार बेरुजु पनि फछ्र्यौट गर्ने मन्त्रालय/निकायहरुलाई मात्र धन्यवाद सहित नगद पुरस्कार प्रदान गरिने व्यवस्था रहेकाले यस अनुसार पुरस्कृत हुन प्रयत्न गर्ने ।

क. अन्तर्गत विभाग तथा कार्यालयहरु भएका "क" वर्गका मन्त्रालय तथा निकायहरु

- ८० प्रतिशतदेखि माथि १०० प्रतिशतसम्म - सर्वोत्कृष्ट
- ५० प्रतिशतदेखि माथि ८० प्रतिशतसम्म - उत्कृष्ट
- ४५ प्रतिशतदेखि माथि ५० प्रतिशतसम्म - सामान्य
- ४५ प्रतिशतभन्दा कम - न्यून

९. विभागहरुले पनि उपरोक्त अनुसार नै लक्ष्य पुरा गर्नु पर्दछ ।केन्द्रीयस्तरका ठूला आयोजनाहरुलाई पनि उपरोक्त अनुसार नै लक्ष्य तोकिएको छ ।

१०. जिल्ला स्थित कार्यालय तथा आयोजनाहरु सम्बन्धमाः

- लेखापरीक्षणको समयमा कार्यालय प्रमुख र लेखा प्रमुख अनिवार्य उपस्थित भई सबूद प्रमाणहरु यथासमयमै पेश गरी बेरुजु शुन्य कायम गर्न प्रयास गर्ने ।
- महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षण डोर समक्ष गत विगत वर्षका बेरुजुहरुको सबुद प्रमाणहरु पत्रसाथ पेश गरी लेखापरीक्षण स्थलमै शतप्रतिशत बेरुजु सम्परीक्षण गराउने ।
- बेरुजु भनेको शत प्रतिशत नै फछ्र्यौट गर्नुपर्ने हुन्छ । कथंकदाचित प्रयास गर्दा पनि फछ्र्यौट भने न्यूनतम ५०% प्रतिशत अनिवार्य फछ्र्यौट गर्नै पर्ने गरी लक्ष्य तोकिएको छ ।
- चालु आ.व.मा लेखापरीक्षण भएको अंकको शुन्य बेरुजु कायम गर्ने/गराउने । कारणवश शुन्य बेरुजु कायम गराउन नसकेमा ३% प्रतिशत भन्दा बढी कायम नगराउने ।
- करोड भन्दा बढी बेरुजु हुने कार्यालयको ७०% प्रतिशतभन्दा बढी बेरुजु फछ्र्यौट गरी चालु आ.व. मा लेखापरीक्षण भएको अंकको ४ % प्रतिशत भन्दा बढी बेरुजु कायम नगराएमा मात्र बेरुजु फछ्र्यौटको काममा प्रत्यक्ष संलग्न हुने कर्मचारीहरु बढीमा ३ जनासम्मलाई धन्यवाद सहित रु.५,०००।- (पाँच हजारमा मात्र) प्रति व्यक्ति नगद पुरस्कार दिने । तीन जना भन्दा बढीलाई पुरस्कृत गर्नु परेमा रु.१५,०००।- को सीमाभित्र सहि दामासाहिले पनि दिन सकिने छ ।
- करोड भन्दा कम बेरुजु हुने कार्यालयको ८०% भन्दा बढी बेरुजु फछ्र्यौट गरी चालु आ.व.मा लेखापरीक्षण भएको अंकको ३% भन्दा बढी बेरुजु कायम नगराएमा मात्र बेरुजु फछ्र्यौटको काममा प्रत्यक्ष संलग्न हुने

दिनेश कुमार थपलिया
सचिव

कर्मचारीहरु बढीमा ३ जना सम्मलाई धन्यवाद सहित रु.५,०००।- (पाँच हजार) प्रति व्यक्ति नगद पुरस्कार दिने । तीन जना भन्दा बढीलाई पुरस्कृत गर्नु परेमा रु.१५,०००।- को सीमा भित्र रही दामासाहिले पनि दिन सकिने छ ।

- तलब भत्ता र कार्यालय सञ्चालनको लागि मात्र रकम खर्च गरिने कार्यालको हकमा कुनै पुरस्कार नदिइने हुनाले सो ही अनुसार गर्नु हुन ।
- लेखापरीक्षणबाट लेखापरीक्षण अंकको ४% प्रतिशत भन्दा बढी बेरुजु कायम गराउने र ५०% प्रतिशत भन्दा कम बेरुजु फछ्र्यौट गर्ने कार्यालय प्रमुख र लेखाप्रमुख वा सम्बन्धित कर्मचारीलाई आवश्यक कारवाही गरी कार्य सम्पादन मूल्याङ्कन गर्दा सो प्रगतिलाई समेत आधार बनाइने व्यहोरा निर्देशन भएकोले सो कुरा विचार गरी आर्थिक अनुशासन कायम हुने ढंगले काम कारवाही गर्नु हुन ।

११. चालु वर्ष (आ.व. २०७४/७५) को श्रेस्ता लेखापरीक्षण हुँदा बेरुजु हुन नदिने कार्य गरी शुन्य बेरुजु कायम गराउने कार्यालय प्रमुख र लेखा प्रमुखलाई निम्न अनुसार थप पुरस्कार उपलब्ध गरिने छ ।

- विगत वर्षसम्म रु.१ अर्व वा सो भन्दा बढी बेरुजु रहेका तर आ.व. २०७४/७५ को श्रेस्ता लेखापरीक्षणमा शुन्य बेरुजु कायम गराउने मन्त्रालय तथा निकायका कार्यालय प्रमुख र लेखाप्रमुखलाई थप रु.५,०००।- (पाँच हजार) पुरस्कार प्रदान गरिने व्यवस्था भएकाले आ.व. २०७४/७५ को बेरुजु शुन्य गराउने तर्फ अभिप्रेरित हुनुहोला ।

१२. बेरुजु फछ्र्यौटमा पुरस्कृत र कार्वाही गर्नेः

- अन्तर्गतका विभाग तथा कार्यालयहरुलाई बेरुजु फछ्र्यौट सम्बन्धमा कार्वाही गर्ने र पुरस्कृत गर्ने जिम्मा मन्त्रालयको रहेको छ ।
- बारम्बार आर्थिक अनुशासन उल्लंघन गर्ने र तोकिए बमोजिम बेरुजु फछ्र्यौट नगर्ने कर्मचारीलाई आर्थिक कार्यविधि ऐन, २०५५ मा भएको व्यवस्था अनुसार कार्वाही गर्ने गराउने र त्यसको जानकारी बेरुजु फछ्र्यौट मूल्याङ्कन र अनुगमन समितिलाई पनि उपलब्ध गराउने व्यवस्था रहेको छ ।

१३. आ.व. २०७४/७५ को बेरुजु फछ्र्यौट कार्ययोजनाः

बेरुजु फछ्र्यौटको लागि देहाय अनुसार लक्ष्य तोकि कार्ययोजना बनाई कार्य गर्ने ।

| सि.नं. | कार्य तालिका | २०५९/६० सम्मको | २०६०/६१ देखि २०७२/७३ सम्मको | २०७३/७४ को | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७५ मंसिरसम्म | २० प्रतिशत | २० प्रतिशत | २० प्रतिशत | |
| २ | २०७५ पौष मसान्तसम्म | ३० प्रतिशत | ३० प्रतिशत | ३० प्रतिशत | |
| ३ | २०७६ जेष्ठ मसान्तसम्म | ६० प्रतिशत | ६० प्रतिशत | ८० प्रतिशत | |
| ४ | २०७६ असार मसान्तसम्म | १०० प्रतिशत | ८१ प्रतिशत | १०० प्रतिशत | |

(दिनेश कुमार थपलिया)
सचिव